बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

## सामाजिक विकास कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

**अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

**प्रकाशित मिति : २०८१/१०/२१**

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेशभित्र स्थायी रुपमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक तालिममार्फत सशक्तिकरणका लागि **'अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम'** सञ्चालन हुने भएको हुँदा **"अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** बमोजिम काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लामा कार्यक्षेत्र भएका अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न इच्छुक अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाहरुबाट तपसिलको कागजातहरु सहित कार्यविधिको **अनुसूची-१ को ढाँचामा कार्यक्रम प्रस्तावपत्र** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (२०८१ फागुन ५ गतेसम्म) यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| अनुदान कार्यक्रम | संघसंस्थाले पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम | १. कार्यविधिको अनुसूची-१ बमोजिमको अनुदान कार्यक्रम प्रस्तावपत्र<br>२. प्रचलित कानून बमोजिम संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नं. (PAN No) दर्ता प्रमाण पत्र प्रतिलिपि<br>३. संस्थाको अघिल्लो आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र, संस्था नवीकरणको प्रमाणपत्र र लेखापरीक्षण प्रतिवेद प्रतिलिपि<br>४. संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल<br>५. संस्था सञ्चालक समिति गठन सम्बन्धी निर्णय प्रतिलिपि र संस्थाका सञ्चालकहरुको नामनामेसी विवरण (सम्पर्क नं. सहि तथा तस्विरहरु<br>६. समाज कल्याण परिषदमा आवद्धताको प्रमाणपत्र वा स्थानीय तहमा दर्ता भएको प्रमाणपत्र<br>७. संस्थाको अनुभव र संस्थाले गरेका मुख्य कार्यहरुको विवरण<br>८. संस्था सञ्चालक समितिले अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि<br>९. जिल्ला समन्वय समितिको सिफारिस सहित कार्यक्षेत्र यकीन गरी पेश गर्नुपर्ने<br>१०. चालु आ.व.मा अन्य सरकारी निकायबाट उल्लखित शीर्षकमा अनुदान स्वीकृत नभएको व्यहोरा सम्बन्धित स्थानीय तह सिफारिस<br>**कार्यक्रम प्रस्ताव पत्र तयार तथा पेश गर्दा ध्यान दिनु पर्ने मुख्य बुँदाहरु:-**<br>• कार्यक्रम प्रस्ताव गर्दा स्वीकृत कार्यक्रमको लक्ष्य अनुरुप मात्र प्रस्ताव गर्नुपर्नेछ<br>• प्रस्तावित कार्यक्रमको आवश्यकता र औचित्य तथा अपेक्षित प्रतिफलका बीचमा सह सम्बन्ध (Interlinkage) हुनु पर्नेछ<br>• संस्थाको भौतिक पूर्वाधार विवरण सम्बन्धी प्रस्तावनामा उल्लेख गर्दा उक्त बुँदामा उल्लेख गरिएका कागजातहरु अनिवार्य रुपम पेश गर्नुपर्नेछ<br>• प्रस्तावित कार्यक्रमको बजेटमा संस्थाको आन्तरिक तथा अन्य निकायहरुसंगको स्रोत साझेदारी परिचालनको अंश उल्लेख भएक पत्र<br>• प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको प्रस्ताव गर्नु पर्नेछ |

स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । साथै चालु आ.व.मा मन्त्रालय तथ अन्तर्गतका कार्यालयको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भइसकेका संस्थाहरुले यस कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न पाउने छैन ।

पुनश्च: "अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाइट http://www.mosd.bagamati.gov.np र यस कार्यालयको वेबसाइट http://103.140.1.186/ हेर्न सकिनेछ साथै थप जानकारीको लागि ९८६२००७८७२ वा ९८५१४०१३२६ मा सम्पर्क गर्न सकिनेछ।